# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## विचार लेखन प्रतियोगिता सम्बन्धी सूचना

***(सूचना प्रकाशन मिति: २०७७/०७/२७)***

चालु आ.व. २०७७/०७८ मा नेपाल सरकारबाट यस पालिकालाई प्राप्त सशर्त अनुदानतर्फ युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम कार्यन्वयनका लागि राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरको च.नं. २०२, मिति २०७७/०६/११ गतेको पत्र बमोजिम यस वर्ष " समृद्ध राष्ट्र निर्माणका लागि युवा विचार लेखन प्रतियोगिता" कार्यक्रम जिल्ला स्तरमा संञ्चालन गरिने भएकोले प्रतियोगितामा सहभागी हुन चाहने रुकुम (पूर्व) जिल्लाका सबै स्थानीय तहका युवाहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०७७।०८।१७ भित्र) यस कार्यालयमा तोकिएको ढाँचामा निवेदन दर्ता गर्न हुन यो सूचना आव्हान गरिएको छ ।

| **नगद पुरस्कार (हजारमा)** | | |
|---|---|---|
| **प्रथम** | **द्वितीय** | **तृतीय** |
| ११०००।- | ९०००।- | ६०००।- |

**शर्तहरु तथा प्रतियोगिता सञ्चालन प्रक्रिया:**

१. निवेदन यसै सूचनासाथ संलग्न वा www.bhumemun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
२. सहभागीको उमेर १६ पुगी २४ वर्ष ननाघेको साथै रुकुम पूर्व जिल्लाबासी हुनुपर्नेछ ।
३. निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा उमेर, ठेगाना खुल्ने कागजात पेश गर्नुपर्नेछ ।
४. निवेदन दर्ता इमेल मार्फत पनि गर्न सकिने छ । इमेल ठेगाना **edu.bhumemun@gmail.com** ।
५. प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थान २१ दिन पछि तोकिनेछ ।
६. जिल्लास्तरमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीहरुलाई माथि उल्लिखित नगद पुरस्कार र प्रमाणपत्र उपलब्ध गराइनेछ। नगद पुरस्कारमा २५% करकट्टी हुनेछ ।
७. प्रतियोगिता युवा परिषद्द्वारा जारी **युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७** बमोजिम सञ्चालन हुनेछ ।
८. जिल्ला स्तरमा प्रथम हुनेलाई प्रदेश स्तरमा हुने कार्यक्रममा सहभागी हुन पठाइनेछ ।

## प्रतियोगितामा सहभागी हुनका लागि दिईने निवेदनको ढाँचा

**श्री भूमे गाउँपालिकाको कार्यालय,** **मितिः २०७७/.. /.....**
**खाबाङबगर, रुकुम (पूर्व) ।**

**विषयः- प्रतियोगितामा सहभागी हुन पाउँ ।**

उपयूक्त सम्बन्धमा तहाँ परिषदले प्रकाशन गरेको मिति २०७७/ .../.... गते प्रकाशित सूचनामा उल्लेख भएको **"समृद्ध राष्ट्र निर्माणका लागि युवाका बिचारहरु"** लेखन प्रतियोगितामा सहभागी हुनका लागि तपशिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरी यो निवेदन पेश गर्दछु ।

**निवेदन साथ पेश गरेका कागजातहरुः-**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा मात्र)
- जिल्लाभित्रको पालिकामा स्थायी बसोबास भएको प्रमाणपत्र (सहभागी हुने जिल्लाबाट नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र जारी नभएको अवस्थामा मात्र)

**जन्म मितिः २०..... /... /.... (नागरिकता प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्रमा उल्लेखित )**

**निवेदक**
दस्तखतः ..........................
नाम, थरः ...........................

**निवेदकको ठेगानाः**
स्थायी जिल्ला..........गा पा...................वडा नं. ........... टोल............
अस्थायीः जिल्ला........... गा पा...................वडा नं. ........... टोल............
सम्पर्क नं. ..........................................इमेल..............................................

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (प्रशासन)/२०७७/०७८
च.नं. ४७०

मितिः २०७७/०७/२७

**विषयः सूचना प्रकाशन गरी जानकारी गराइदिनु हुन ।**

**श्री पुथा उत्तरगंगा गाउँपालिका, रुकुम (पूर्व)**
**श्री सिस्ने गाउँपालका, रुकुम (पूर्व) ।**

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को च.नं. २०२ मिति २०७७।०६।११ को पत्रानुसार चालु आर्थिक वर्ष २०७७।०७८ मा यस गाउँपालिकालाई प्राप्त सशर्त अनुदानतर्फ युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रमबाट यस वर्ष "समृद्ध राष्ट्र निर्माणका लागि युवा विचार लेखन प्रतियोगिता" कार्यक्रम जिल्ला स्तरमा सञ्चालन गर्न लेखी आएकोले विचार लेखन प्रतियोगिताका लागि आव्हान गरिएको सूचना यसैसाथ संलग्न गरी पठाइएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटी तथा वेबसाइटमा प्रकाशन गरी तहाँ गाउँपालिकाबाट अधिकतम् सहभागिताका लागि समन्वय गरिदिनु हुन समेत अनुरोध छ।

...............................
**चन्द्रसिंह श्रेष्ठ**
**(प्रमुख प्रशासकीय अधिकृत)**